नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
मलंगवा, सर्लाही

प. सं. ०८२।०८३ मितिः-२०८३।०१।१५
च.नं.- ५५१६

विषयः सूचना प्रकाशित गरिदिने सम्बन्धमा ।

श्री गोरखापत्र संस्थान
धर्मपथ, काठमाण्डौं।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट प्रकाशित हक दावी सम्बन्धि ३५ (पैतिस) दिने सार्वजनिक सूचना यसै पत्र साथ संलग्न गरी पठाईएको छ।प्राप्त भएपछी नियमानुसार लाग्ने शूल्क पत्रबहाकसँग असुल गरी उक्त सूचना प्रकाशित गरिदिनुहुन अनुरोध गरिन्छ।

...................
कार्यालय प्रमुख

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय,
मलंगवा, सर्लाही - संलग्न सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
मलंगवा, सर्लाही - संलग्न सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।
श्री नापी कार्यालय,
मलंगवा, सर्लाहीः- संलग्न सूचना तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।
श्री विष्णु गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सर्लाही :- संलग्न सूचना तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।
श्री विष्णु गाउँपालिका,
वडा नं.-५ को कार्यालय,सर्लाही :- संलग्न सूचना तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय,
मलंगवा,सर्लाही

**भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीबाट प्रकासित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा मेरो बाबु मौजे पंडित कुम्हारको नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला सिमरा गाविस वडा नं. ९/ख कि.नं. २६ क्षे.फ. क्रमशः-०-०-३ जग्गा सम्मानित सर्लाही जिल्ला अदालतको च.न.१४७८८ मिति २०८२/१२/२२ (दे.न.०८२-००-१२४६) मिलापत्रको जानकारी पत्र मिति २०८२/१२/०९ को मिलापत्र बमोजिम उक्त जग्गा दा.खा. गरी पाउँ भन्ने समेत व्यहोराको जुगल पंडितले निवेदन माग दावी पेश हुन आएकोमा उक्त जग्गाको श्रेष्ता च्यातिई टुक्रा टुक्रा भएकोले श्रेष्ता फेला नपरेको भनि मोठ रोक्का भिडी आएकोले उक्त जग्गा निज निवेदकको नाममा श्रेष्ता कायम गरी दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा निबेदक बाहेक यो जग्गामा हक लाग्ने अन्य हकदारहरु भए वा मागदावीको जग्गा निवेदकको नाममा श्रेष्ता कायम गरी दा.खा.गरी जग्गाधनी प्रमाणपूर्जा दिंदा अरु कोही कसैको हक भोग स्वामित्वमा असर पर्नजाने भए यो सूचना प्रकासित भएको\टाँस भएको मितिले बाटाको म्याद वाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला\सूचना गर्नुहोला। तोकिएको म्याद भित्र कसैको दावी बिरोध नपरे निबेदकको माग दाबिलाई स्वीकार गरेको मानी प्रचलित कानून वमोजिम भई जाने व्यहोरा सम्वन्धित सबैको लागी सूचित गरिन्छ।

**ईति सम्वत २०८३ साल वैशाख १५ गते रोज ३ शूभम्..............................**

कार्यालय प्रमुख